बोगटान फुड्सिल गाउँपालिका

# गरिबसंग अध्यक्ष कार्यक्रमलाई नियमित र व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७६

खण्ड : ३ संख्या : ७ मिति : २०७६/०८/१२

भाग २

# गरिबसंग अध्यक्ष कार्यक्रमलाई नियमित र व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७६

**प्रस्तावना:**

बोगटान फुड्सिल गाउंपालिकाको आ.व. २०७६।०७७ को स्वीकृत कार्यक्रम गरिबसंग अध्यक्ष कार्यक्रम अन्तर्गत गाउंपालिकाभित्र खरले छाएका घरलाई जस्ताले छाउने गरी कार्यक्रम अघि बढाउन तथा सो कार्यक्रमलाई नियमित र व्यवस्थित गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम बोगटान फुड्सिल गाउंपालिकाले यो कार्यविधि जारी गरी लागू गरेको छ ।

## परिच्छेद एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** यस कार्यविधिको नाम गरिबसंग अध्यक्ष कार्यक्रमलाई नियमित र व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७६ रहेको छ ।

**२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) कार्यालय भन्नाले बोगटान फुड्सिल गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ख) कार्यक्रम भन्नाले गरिबसंग अध्यक्ष कार्यक्रमलाई सम्झनुपर्छ ।

(ग) लाभग्राही भन्नाले गरिबसंग अध्यक्ष कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्ति वा घर परिवारलाई सम्झनुपर्छ ।

## परिच्छेद दुई

## निर्देशक समिति गठन तथा परिचालन

**३. निर्देशक समिति गठन सम्बन्धी व्यवस्था:** (१) गरिबसंग अध्यक्ष कार्यक्रमलाई नियमित र व्यवस्थित गर्न तपसिल बमोजिमको समिति रहने छ ।

(क) गाउँपालिकाको अध्यक्ष अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष उपाध्यक्ष

(ग) गाउँपालिका अध्यक्षले तोकेका गाउंकार्यपालिकाका सदस्य मध्येबाट कम्तीमा एक।एक जना महिला र दलित पर्ने गरी चार जना सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिव

(२) आवश्यकता अनुसार विशेषज्ञ तथा प्राविधिकहरुलाई समितिमा आमन्त्रण गर्न सकिने छ ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार

(क) कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक निर्देशन, समन्वय, सल्लाह र सहयोग प्रदान गर्ने ।

(ख) कार्यक्रमका लाभग्राहीहरु छनौट गर्ने ।

(ग) कार्यक्रमको नियमित अनुगमन, निरीक्षण गर्ने ।

## परिच्छेद तीन

## लाभग्राही छनौट सम्बन्धी व्यवस्था

**४. लाभग्राही छनौट सम्बन्धी व्यवस्थाः** (१) वडाले देहायको प्राथमिकता क्रम अनुसार लाभग्राही छनौट गरी नियम ३ बमोजिमको समिति समक्ष सिफारिस गरी पठाउने छ ।

(क) अति विपन्न

(ख) दलित

(ग) विधवा घरमूली

(घ) एकल महिला

(ङ) जनजाति

(च) अल्पसंख्यक

(छ) अन्य

(२) उपनियम (१) बमोजिम प्राप्त सिफारिस अनुसार नियम ३ बमोजिमको समितिले स्वीकृत कार्यक्रम र प्राविधिक इस्टिमेटको अधिनमा रही अन्तिम लाभग्राही सूची कार्यालयलाई कार्यान्वयनका लागि प्रदान गर्नेछ ।

## परिच्छेद चार

## लाभग्राहीलाई दिइने सामाग्री तथा भुक्तानी सम्बन्धी व्यवस्था

**५. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) यो कार्यक्रम सञ्चालन गर्न नियम ३ बमोजिमको समितिबाट लाभग्राहीको रुपमा छनौट भएका व्यक्तिहरुलाई कार्यमा लाग्ने आवश्यक सामग्री (जस्तापाता, किला, बेन्डिङ तार) कार्यालयले उपलब्ध गराउने छ भने कामदार सम्बन्धित लाभग्राहीले नै लगाउनु पर्नेछ । आवश्यक सामग्री वडाको यातायात पहुंच भएको स्थानसम्म कार्यालयले ढुवानीको व्यवस्था गर्नेछ भने उक्त स्थानबाट कार्यस्थलसम्म ढुवानी गर्ने जिम्मा सम्बन्धित लाभग्राहीको हुनेछ ।

(२) कार्यक्रम सम्पन्न भएको भनी प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन तथा सम्बन्धित वडाध्यक्षको सिफारिस अनिवार्य हुनेछ ।

(३) कार्यक्रमको नियम ३ बमोजिमको समिति, सम्बन्धित वडा अध्यक्ष तथा कार्यालयका प्राविधिक तथा अन्य प्रतिनिधिले जुनसुकै बखत अनुगमन, निरीक्षण गर्न सक्नेछन् । सो अनुगमनका क्रममा काम नगरेको वा काम सन्तोष जनक नभएमा अनुगमनकर्ताको सिफारिसका आधारमा नियम ३ बमोजिमको समितिले जुनसुकै बखत उक्त कार्य बन्द गराई अन्य लाभग्राहीलाई उपलब्ध गराउने छ र कार्य नगर्ने, अनियमितता गर्ने जोसुकैलाई आवश्यक कार्वाही गरिनेछ ।

## परिच्छेद पांच

## विविध

**७**. यस कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न यसै कार्यक्रमबाट पाँच प्रतिशत व्यवस्थापन खर्च बापत कार्यालयले खर्च गर्नेछ ।

**८**. यस कार्यक्रमको प्रत्यक्ष अनुगमन, निरीक्षण तथा सहजीकरणका लागि दुई जना सम्म प्राविधिक कर्मचारी ज्यालादारीमा राख्न सकिनेछ ।

**९. बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न गएमा वा यो कार्यविधिमा उल्लेख नभएको विषयका सम्बन्धमा कुनै व्यवस्था गर्न आवश्यक परेमा नियम ३ बमोजिमको समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१०**. यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।